**आकाशवाणी समाचार- नेपाली**

मितिः १४ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पश्चिम बंगालको सत्तारुढ भारतीय जनता पार्टी सरकारले सामाजिक सुरक्षासँग जोडिएको पेन्सन सुविधामा ठूलो वृद्धि गरेको छ ।राज्य सरकारले पशुप्राणिहरू काट्ने बिरुद्ध कठोर  नियम लागू गरेको छ।
- राज्य मन्त्रिमण्डलको  पहिलो  बैठकमा मुख्यमन्त्री शुभेन्दु अधिकारीले भारत–बङ्गलादेश सीमामा काँडेतारको तारबार
- लगाउने प्रक्रिया शुरु गर्न स्वीकृति दिनुभएको छ ।पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद्ले कक्षा बाह्रको परीक्षाफल आज  सार्वजनिक गर्नेछ।
- पश्चिम बंगाल सरकारले आलु, प्याज, फलफूल, तरकारी, तिल , अनाज, पशु उत्पादन र अन्य आवश्यक उत्पादनहरूको अन्तरराज्यीय आवागमनमा लगाइएको  सबै प्रतिबन्धहरू हटाएको छ।

**पश्चिम बंगाल -सरकार - सामाजिक सुरक्षा -निर्देश**

पश्चिम बंगालको सत्तारुढ भारतीय जनता पार्टी सरकारले सामाजिक सुरक्षासँग जोडिएको पेन्सन सुविधामा ठूलो वृद्धि गरेको छ । राज्यमा वृद्धावस्था, विधवा र दिब्यांग  पेन्सनलाई १ हजारबाट बढाएर २हजार रुपियाँ प्रतिमाह गरेको  छ । यो नयाँ दर जुन महिना देखि लागू हुनेछ । सरकारी सुत्र  अनुसार, मन्त्री अग्निमित्रा पलको नेतृत्वमा रहेको महिला, बाल तथा समाज कल्याण विभागले यस्तो निर्णय गरेको हो । बढेको रकम जुन  महिनादेखि लाभार्थीको बैंक खातामा सिधै पठाइने अधिकारीहरूले बताएका छन्।यो कदमलाई हालै घोषणा गरिएको 'अन्नपूर्ण भण्डार' योजनापछि सरकारको सामाजिक कल्याणकारी नीतिहरूको विस्तारको रूपमा हेरिएको छ।यसैबीच, राज्य प्रशासनले पनि दुई चक्के वाहन  चालकहरूका लागि हेलमेट नियमहरूको कडाइका साथ पालना गर्न निर्देश दिएको छ। अतिरिक्त पुलिस महानिदेशक (कानून र व्यवस्था) ले सबै जिल्लाका पुलिस अधीक्षक, पुलिस आयुक्त र रेलवे पुलिस अधिकारीहरूलाई विशेष अभियान सञ्चालन गर्न निर्देश दिएका छन्। ट्राफिक विभाग र स्थानीय पुलिस स्टेशनहरूलाई संयुक्त अभियान  सञ्चालन गर्न भनिएको छ, जबकि वरिष्ठ ट्राफिक अधिकारीहरूले नियमित रिपोर्टको माध्यमबाट अनुपालनको निगरानी गर्नेछन्।

**राज्य सरकार - कडा नियम**

राज्य सरकारले पशुप्राणिहरू काट्ने बिरुद्ध कडा नियम लागू गरेकोछ। कुनै पनि व्षक्तिले नगरपालीका अध्यक्ष अथवा पंचायत सभापति अनि संबोधित पशु डाक्टरको प्रमाण पत्र बिना गाई-गोरू, बाछा-बाछी, भैंसी-रांगा आदि काट्न पाइन्दैन्।

1-Byte-अशोक चौरासिया

**पश्चिम बंगाल सरकार - प्रशासनिक फेरबदल**

पश्चिम बङ्गाल सरकारले हिज स्वास्थ्य एवं परिवार कल्याण विभागमा ठूलो प्रशासनिक फेरबदल गरेको छ । धेरै वरिष्ठ अधिकारीहरूको जिम्मेवारीहरू पुनर्वितरण गर्दै। विभागले जारी गरेको आधिकारिक आदेशमा पहिलेका सबै आदेशहरू खारेज गरेर यो परिवर्तन लागू गरिएको उल्लेख छ ।नयाँ प्रावधानहरू अन्तर्गत, सचिव श्री शुभन्जन दासलाई आयुष्मान भारत-प्रधान मन्त्री जन आरोग्य योजना, स्वास्थ्य साथी योजना, औषधि र उपकरण सम्बन्धी मामिलाका साथै मेडिकल कलेजहरूमा चिकित्सा शिक्षा र बुनियादी ढाचा  विकासको जिम्मेवारी दिइएको छ।यसका साथै सचिव शरदकुमार द्विवेदीलाई तृतीयक क्यान्सर केन्द्र, आयुष, आईटी सेवा, रणनीतिक योजना र सार्वजनिक–निजी साझेदारीसँग सम्बन्धित प्रस्तावहरूको निरीक्षण गर्ने जिम्मेवारी दिइएको छ।सचिव मौमिता गोदारा वासुलाई राज्यभरिका राष्ट्रिय स्वास्थ्य अभियान, परिवार कल्याण र जिल्ला, महकुमा  र सुपर स्पेसियालिटी

अस्पतालको प्रबन्धनको जिम्मेवारी दिइएको छ । उहाले डेंगु र मलेरिया जस्ता सार्वजनिक स्वास्थ्य कार्यक्रमहरूका साथै ग्रामीण बुनियादी ढाचा विकास कोष, विश्व बैंकसम्बद्ध परियोजनाहरू र पन्ध्रौं वित्त आयोगसँग सम्बन्धित योजनाहरूको पनि निरीक्षण गर्नेछिन्। वरिष्ठ विशेष सचिव के राधिका ऐयरलाई राज्य एड्स रोकथाम तथा नियन्त्रण समाज र राज्य रक्तसञ्चार परिषद्को जिम्मेवारी दिइएको छ । वरिष्ठ विशेष सचिव सुदेष्ण गुप्तालाई मेडिकल काउन्सिलको लेखा, सूचनासम्बन्धी पुनरावेदन अधिकारी र अन्य विषयमा समेत जिम्मेवारी दिइएको छ ।

**दार्जीलिंग सांसद -रेलवे -आभार**

दार्जीलिंगका लोकसभा सांसद राजु विष्टले न्यु जलपाईगुडीलाई अमृतसरसँग जोड्ने नयाँ अमृत भारत एक्सप्रेसलाई स्वीकृति दिएकोमा भारतीय रेलवे बोर्डप्रति आभार व्यक्त गर्नुभएको छ ।संसद विस्टले भन्नुभएको छ - ट्रेन नम्बर १४६६४/१४६६३ अमृतसर-न्यू जलपाईगुडी अमृत भारत एक्सप्रेस हप्तामा एक पटक सञ्चालन हुनेछ, जुन प्रत्येक बिहीबार अमृतसरबाट प्रस्थान गर्दछ। फिर्ती यात्रामा, ट्रेन प्रत्येक शनिबार बिहान 8:00 बजे न्यू जलपाईगुडीबाट प्रस्थान गर्नेछ र सोमबार बिहान 2:20 बजे अमृतसर पुग्नेछ। रेल नवनिर्मित ललितग्राम बाईपास र अररिया-गलगलिया रेलवे खण्ड हुँदै जानेछ, जसले हाम्रो दार्जिलिङ, तराई, डुवर्स, सिलीगुडी, बागडोगरा, ठाकुरगञ्ज, कोसी ,मिथिला, र सीमाञ्चल क्षेत्रहरूका मानिसहरूलाई ठूलो राहत दिनुक साथै सुधार सम्पर्कसित जोड्नेछ ।

**पश्चिम बंगाल सरकार - परिवहन व्यवस्था -निर्देश**

पश्चिम बंगाल सरकारले राज्यको परिवहन व्यवस्थालाई लिएर ठूलो निर्णय लिएको छ । नयाँ मुख्य सचिव मनोज कुमार अग्रवालको कार्यालयले हिज राती एक निर्देश जारी गर्दै राज्यभरि सञ्चालित सबै अवैध टोल प्लाजा र टोल गेटहरू तत्काल बन्द गर्न आदेश दिएको छ।

2-Byte-सबिना गिरि

यो निर्देश राज्यका सबै जिल्ला अधिकारीहरुलाई पठाइएको छ ।जारी निर्देशमा भनिएको छ - राज्यका विभिन्न जिल्लाहरूमा अवैध टोलगेट, ड्रपगेट, ब्यारिकेड वा अवैध रिकभरी सेन्टरहरू सञ्चालन भइरहेका छन्, तिनीहरूलाई जतिसक्दो चाँडो हटाउनु पर्छ। भविष्यमा यस्ता अवैध टोलगेट वा संकलन केन्द्रहरू फेरि स्थापना नहोस् भनेर सुनिश्चित गर्न पनि भनिएको छ।राज्य सरकारले जिल्ला अधिकारीहरूलाई कुनै पनि अवैध टोल गेटबाट यात्रीहरु वा चालकहरूबाट कुनै पनि रकम असुल्न नदिन निर्देश दिएको छ।यसबाहेक सरकारले राज्यमा सञ्चालित सबै कानुनी टोल प्लाजाको बारेमा पनि जानकारी मागेको छ । निर्देशमा भनिएको छ , जिल्ला अधिकारीले राज्यमा वैध टोलगेटहरूको कुल संख्या, तिनीहरूलाई कसले सञ्चालन गरिरहेको छ र सम्बन्धित टेन्डर कति समयदेखि दिइएको छ भन्ने बारेमा जानकारी प्रदान गर्नुपर्नेछ।सरकारले आधिकारिक रिकभरी सेन्टरको संख्याको विवरण पनि मागेको छ। मुख्य सचिवको कार्यालयले सबै जिल्ला मजिस्ट्रेटहरूलाई १५मई शुक्रबार दिउँसो १२ बजेसम्म विस्तृत रिपोर्ट पेश गर्न निर्देश दिएको छ।

**राज्य मंत्रिमंडल - भारत-बांग्लादेश सीमा**

राज्य मन्त्रिमण्डलको पहिलो बैठकमा मुख्यमन्त्री शुभेन्दु अधिकारीले भारत–बङ्गलादेश सीमामा काँडेतारको तारबार लगाउने प्रक्रिया शुरु गर्न स्वीकृति दिनुभएको छ । जसको फलस्वरूप ,सिलिगुडी महकुमा अन्तर्गत फासीदेवा को सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकहरु बीच घुसपैठ तथा तस्करी रोक्ने आशा जगाएको छ, यद्यपि केही मानिसहरू सम्भावित विस्थापनलाई लिएर चिन्तित पनि छन्। तारबार गर्न भूमि दिने क्रममा धेरै परिवार बसाइँ सर्नुपर्ने अवस्था आउने स्थानीयवासीले बताएका छन् । लामो समयदेखि पुनःस्थापनाको माग गर्दै आएका सदर बजार र धनिया मोड क्षेत्रका बासिन्दाले अहिले सरकारको निर्णयलाई नियालिरहेका छन्। दार्जीलिङका जिल्ला अधिकारे हरिशंकर पणिक्करले कुनै पनि भारतीय नागरिकलाई दुःख भोग्न नदिने आश्वासन दिनुभएको छ ।फूलबारी नजिकै लालदासजोटदेखि हप्टियागाछ सम्म २१ किलोमिटर लामो भारत–बंगलादेश सीमा फाँसिदेवा ब्लकअन्तर्गत पर्दछ, जसमा लगभग साढे चार किलोमिटर क्षेत्र अझै खुला छ। धनिया मोडको लगभग साढे दुई किलोमिटर खुला

क्षेत्रमा बर्ष २०२४ को अगस्टदेखि अस्थायी तारबार लगाउन शुरु भएको थियो भने मुडिखावा क्षेत्रमा भूमि अधिग्रहणको प्रक्रिया पनि चलिरहेको छ ।यस क्षेत्रमा लामो समयदेखि गाई तस्करीको गुनासो आइरहेको छ । सीमा सुरक्षा बल बीएसएफले पनि भूमिसँग सम्बन्धित जटिलताका कारण काम सुस्त भएको स्वीकार गरे पनि अब समाधानको आशा जागेको छ । मन्त्रिमण्डलको बैठकमा आगामी ४५ दिनभित्र आवश्यक भूमि बीएसएफलाई हस्तान्तरण गर्न निर्देश दिइएको छ ।

**पश्चिम बंगाल सरकार अंतर-राज्य आवागमन**

पश्चिम बंगाल सरकारले आलु, प्याज, फलफूल, तरकारी, तिल , अनाज, पशु उत्पादन र अन्य आवश्यक उत्पादनहरूको अन्तरराज्यीय आवागमनमा लगाइएको सबै प्रतिबन्धहरू हटाएको छ।

****** ० ******